# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


## प्रेस विज्ञप्ती

### संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदनको ढाँचा सम्बन्धमा ।

सूचीकृत संगठित संस्थाहरुको कामकारबाहीलाई नियमित तथा व्यवस्थित गरी शेयरधनी लगायत सरोकारवालाहरु प्रति उत्तरदायी बनाई संस्थागत सुशासन प्रवर्द्धन गर्नका लागि ओईसिडी (OECD) को संस्थागत सुशासनसँग सम्बन्धीत मुख्य सिद्धान्तहरु तथा संस्थागत सुशासन सम्बन्धी उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासहरुलाई समेत दृष्टिगत गरी धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डले सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बनाई मिति २०७५ साउन १ गतेदेखि लागू गरेको थियो ।

उक्त निर्देशिकामा भएको व्यवस्थाहरुको पालना सम्बन्धमा सूचीकृत सङ्गठित सस्थाहरूको परिपालना अधिकृतले प्रतिवेदन तयार गरी बोर्डमा पेश गर्नुपर्ने व्यवस्था रहेकोले सो प्रतिवेदनको ढाँचामा एकरुपता ल्याउन बोर्डले संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदनको ढाँचा स्वीकृत गरी आ.ब. २०७५।७६ देखिको बार्षिक प्रतिवेदनमा लागू गर्ने निर्णय गरेको छ । उक्त प्रतिवेदनमा मुख्यतया सञ्चालक समिति, सञ्चालकको आचरण तथा अन्य विवरण, संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली, सूचना तथा जानकारी प्रवाह, संस्थागत संरचना र कर्मचारी, संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धमा देहाय बमोजिमको विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**१. सञ्चालक समिति सम्बन्धी विवरण**

- संचालक समितिको अध्यक्ष र संचालकहरुको नाम तथा ठेगाना, लिएको शेयर संख्या, नियुक्त भएको मिति, प्रतिनिधित्व भएको समूह सम्बन्धी विवरण,
- संस्थाको शेयर संरचना (संस्थापक, सर्वसाधारण तथा अन्य) सम्बन्धी विवरण,
- सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए/नभएको, सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे/नराखेको, सञ्चालक समितिको दुई लगातार बसेको वैठकको अधिकतम अन्तर, संचालक समितिको बैठक भत्ता तथा खर्च सम्बन्धी विवरण सहित सञ्चालक समितिको बैठक संचालन सम्बन्धी विवरण ।

**२. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण**

- सञ्चालकको आचरण सम्बन्धमा सम्वन्धित संस्थाको आचार संहिता भए/नभएको,
- एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण तथा संचालकहरुको आचरण सम्बन्धी अन्य विवरण,
- प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको १५ दिनभित्र संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको भए सोको विवरण, निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चर सम्बन्धी विवरण, निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए सो विवरण, निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए सो विवरणको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरण ।

**३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण**

- जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको, गठन नभएको भए सोको कारण, जोखिम व्यवस्थापन समितिको संरचना तथा कार्य सम्बन्धी विवरण,
- आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको, आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको, गठन नभएको भए सोको कारण, आन्तरिक नियन्त्रण प्रणाली समितिको संरचना, समितिको बैठक संख्या तथा समितिको कार्य सम्बन्धी छोटो विवरण ।

४. सूचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण

- बार्षिक तथा विशेष साधारण सभाको सूचना, बार्षिक तथा त्रैमासिक प्रतिवेदन मार्फत सूचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण,
- धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना प्रवाह सम्बन्धी विवरण,
- पछिल्लो बार्षिक तथा विशेष साधारण सभाको विवरण ।

५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

- कर्मचारीहरुको संरचना, पदपूर्ति, वृत्ति विकाश, तालिम, तलव, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचार संहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली व्यवस्था भए/नभएको सम्बन्धी विवरण,
- संरचना अनुसार कर्मचारी पदपूर्ति गर्ने गरिएको/नगरिएको, नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रकृया, कर्मचारीहरुको सक्सेसन प्लान भए/नभएको, कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मिलित कर्मचारीको संख्या लगायतको विवरण ।

६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण

- संस्थाको पछिल्लो आ.व. को वित्तिय विवरण NFRS अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारण, संचालक समितिमा वित्तीय विवरण पेश भएको मिति तथा वित्तीय विवरण प्रकाशन गरेको मिति,
- आन्तरिक तथा बाह्य लेखापरीक्षण सम्बन्धी विवरण र लेखापरीक्षण समितिको बैठक सम्बन्धी विवरण ।

साथै, संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैङ्क तथा बित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रूपमा रकम लिए/ नलिएको, सूचिकृत सङ्गठित संस्थाको वित्तीय स्वार्थ भएको कनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेको, नियमकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको, नियमकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको, संस्था वा संचालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सो सम्बन्धी विवरण लगायतका विवरणहरु पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम तयार गरिने यो प्रतिवेदन सूचीकृत सङ्गठित संस्थाहरूको परिपालना अधिकृतले तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई लेखा परीक्षकबाट प्रमाणित गराई नेपाल धितोपत्र बोर्डमा लेखापरीक्षण प्रतिवेदनसँग पेश गनुपर्ने छ ।

यस व्यवस्थाले सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदनमा एकरुपता ल्याई यस्ता संस्थाहरुको कामकारबाहीलाई थप नियमित तथा स्वशासित बनाउँदै धितोपत्र बजारमा संस्थागत सुशासन अभिबृद्धि गरी यसलाई थप व्यवस्थित, पारदर्शी तथा जवाफदेही बनाउन सहयोग पुग्ने बोर्डको अपेक्षा रहेको छ । उक्त प्रतिवेदनको ढाँचा बोर्डको वेभसाइट www.sebon .gov.np मार्फत हेर्न सकिने व्यवस्था गरिएको छ ।

(रुपेश के.सी.)
सह प्रवक्ता

मिति: २०७६।०४।१९